## निर्णयहरु

१. जिल्लामा दोस्रो चरणको नयां भेरियन्ट सहितको कोभिड–१९ संक्रमण रोकथाम, नियन्त्रण र व्यवस्थापनका लागि हालसम्म भएका प्रयासहरुको समिक्षा गरियो। साथै मिति २०७८।४।१० गते ४.०० वजेसम्म पाल्पा जिल्लामा कोभिड–१९ सम्बन्धमा रहेको निम्न बमोजिमको तथ्याङ्क आजको बैठकमा जानकारी गराइयो।

| सि नं | विषयवस्तु | दोस्रो भेरियन्ट | कैफियत |
|---|---|---|---|
| १ | जम्मा परीक्षण | २०,२८९ | |
| २ | कूल संक्रमित | ६,१२० | |
| ३ | सक्रिय संक्रमित | ४१० | |
| ४ | होम आइसोलेसनमा | ३६५ | |
| ५ | उपचाररत | ४५ | |
| ६ | निको भएका | ५,६७० | |
| ७ | निधन | ८० | |

२. सार्वजनिक सवारी साधन संचालनको हकमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८।४।४ को निर्णय अनुसार जनस्वास्थ्यका मापदण्डको पूर्ण पालना गरी लामो तथा छोटो दुरीका सार्वजनिक यातायात संचालन गर्न अनुमति दिने।

३. सार्वजनिक सेवाहरु संचालन गर्दा तोकिएका सामाजिक दुरी र स्वास्थ्य सुरक्षा सम्बन्धि मापदण्डहरु सेवा प्रवाह गर्ने निकायहरु तथा सम्पूर्ण नागरिकहरुले अनिवार्य रुपमा पालना गर्ने। तोकिएका मापदण्डहरु पालना गरे नगरेको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायको तर्फबाट नियमित रुपमा अनुगमन गर्ने।

४. औषधी एवम स्वास्थ सामग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहने। अत्यावश्यक दैनिक उपभोगका खाद्य सामग्री विक्री गर्ने पसल, ग्यांस, पेट्रोलियम पदार्थ तथा निर्माण सामग्री लगायतका अन्य सबै पसलहरु विहान ७.०० वजेबाट ७.०० वजेसम्म संचालन गर्ने।

५. जिल्ला स्वास्थ्य कार्यालयबाट पेश हुन आएको जिल्लामा कोभिडको कारण मृत्यु भएकाको संख्या ११८ बाट थप गरी १९२ जनाको विवरण सम्बन्धित निकायमा पठाउने।

६. होटल, रेष्टुरेन्ट, चिया तथा खाजा पसल र चमेना गृहहरु विहान ७.०० वजेबाट वेलुका ८.०० वजेसम्म मात्र संचालन गर्ने। होटल तथा रेष्टुरेन्टहरुले टेक अवे सेवालाई प्राथमिकता दिने।

योगेन्द्र प्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी

७. जिल्लामा नयां भेरियन्ट सहितको कोभिड–१९ को संक्रमणको रोकथाम र नियन्त्रणका लागि यस अघि जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) पाल्पाको मिति २०७८।३।३१ को निर्णय समेतका आधारमा पाल्पा जिल्लाभर लागू हुने गरी जिल्ला प्रशासन कार्यालय पाल्पाबाट जारी भएको मिति २०७८।४।१० गते राति १२.०० वजेसम्म कायम रहेको निषेधाज्ञालाई संक्रमणको अवस्था कायमै रहेको हुंदा संक्रामक रोग ऐन, २०२० को दफा २, कोभिड–१९ व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७८।४।१० गते राति १२.०० वजेदेखि मिति २०७८।४।२१ गते राति १२.०० वजेसम्मका लागि निरन्तरता दिने। यो आदेशको कार्यान्वयनमा जिल्लास्थित सम्पूर्ण निकायहरु व्यक्ति, संघ संस्था, पेशाकर्मी, व्यवसायी तथा आम नागरिकहरुका तर्फबाट सहयोग गर्ने।

योगेन्द्र प्रसाद पाण्डे
प्रमुख जिल्ला अधिकारी